नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं. ८१, दायर मिति-:२०८०-०४-२९

फैसला मिति-२०८०-१०-०२

वादी

ईम्तियाज अन्सारीको जाहेरीले नेपाल सरकार---------------१

प्रतिवादी

जिल्ला पर्सा जगरनाथपुर गा.पा.वडा नं.३ बस्ने बर्ष ५५ को महमुद अंसारी------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीहरुले बाटोको बियलाई लिई बिबाद गर्दै बिभिन्न अपशब्द प्रयोग,गाली गलौज तथा हातपात गरी अभद्र व्यवहार गरेको भन्ने ईम्तियाज अन्सारीको जाहेरी दरखास्त।

२. बाटोको बिषयलाई लिई बिबाद गर्दै बिभिन्न अपशब्द प्रयोग,गाली गलौज तथा हातपात गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका महमद नौसाद गदी समेतको घटनाविवरण कागज।

३. प्रतिवादीहरुले यस कार्यालयमा गरेको ईन्कारी बयान।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा गाली गलौज,झै-झगडा गरेको छैन भनी ईन्कारी बयान गरेतापनी मिति २०७९।६।२० गते जिल्ला पर्सा जगरनाथपुर गा.पा.वडा नं.३ स्थित जाहेरवाला ईम्तियाज अन्सारी समेतलाई अपशब्द प्रयोग गरी गाली गलौज तथा हातपात गर्दै अभद्र व्यवहार गरेको हुँदा महमुद अंसारी, फुलकार अंसारी, मुस्ताक अंसारी, ईमरान अंसारी, सहबाज अंसारी, अरबाज अंसारी, अबुलैस अंसारी र फिरोज अंसारी समेतलाई कानून बमोजिम कारवाही होस भन्ने घटनास्थल मुचुल्का, तथा ईम्तियाज अन्सारीको जाहेरी दरखास्त ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु महमुद अंसारी ,मुस्ताक अंसारी, फिरोज अंसारी, फुलकार अंसारी ,ईमरान अंसारी,सहबाज अंसारी,अरबाज अंसारी र अबुलैस अंसारी लाई जरिवाना जनही रु ४८०८।- गर्ने तथा अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम जनही रु १९२।- क्षतिपुर्ति शुल्क निर्धारण गरिएको छ र मुलुकी अपराध संहिता,२०७४ को दफा १२७ बमोजिम जनही रु ६२६५।- उपचार खर्च बादीलाई भरी भराई दिनु। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु महमुद अंसारी,मुस्ताक अंसारी,फिरोज अंसारी लाई ठहरेको जरिवानाको हकमा मिति २०८०-०४-२० गते र.नं. ६८,६९,७० बाट दाखिला गरेको धरौटी रकम जनही रु११,२६५।- बाट जरिवाना रकम जनही रु ४८०८ कट्टा गर्न र पिडित राहत कोषमा जनही रु १९२।- दाखिला गर्न लेखा शाखालाई पत्र लेख्नु र बाँकी रहेको रकम जनही रु ६२६५।- उपचार खर्च बापत बादीलाई भराई भराई दिनु र अर्का प्रतिवादीहरु फुलकार अंसारी,इमरान अंसारी,अरबाज अंसारी,अबुलैस अंसारी र सहबाज अंसारीलाई जरिवानाको हकमा जनही ४८०८।- र पिडित राहत कोषमा जनही रु १९२ दाखिला गर्न र उपचार खर्चको हकमा जनही रु ६२६५।- बादीलाई भरी भराई दिनका लागि असुलउपर गर्न जिल्ला प्रहरी कार्यालय पर्सालाई पत्र लेख्नु। -------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जि. अदालत बी. पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु-१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल माघ महिना ०२ गते रोज ३ शुभम् ……………………